OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ६
श्रावण २५, २०७२

'ओपन माईक नेपाल' बुलेटिनको छैटौं अङ्कमा स्वागत छ।'ओपन माईक'भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदैहल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।


## हल्ला

### मालु, दोलखा

"जमिन मुनिको प्लेट ब्यालेन्स मा छैन रे त्यसैले त्यो ब्यालेन्समा आउन अब फेरि एकपटक ठूलो भूकम्पको झट्का आउँछ रे भन्ने हल्ला सुनिन्छ, के हो ?"

### चरिकोट, दोलखा

"अहिले विभिन्न वेबसाइटहरुमा नेपालमा अझै ८ रेक्टर स्केलको भूकम्प आउँछ भनेर लेखेको छ रे। आउँदैन भनेर घर फर्किन लागेका थियौँ तर फेरि पनि बेलायती भूगर्भविदले चाहिँ आउँछ भनेको छ रे। त्यसैले, डरले फेरि बाहिर नै बस्न थालेका छौ।"



## यथार्थ

भारतीय भौगर्भिक प्लेट तिब्बती प्लेटतर्फ निरन्तर धसिइरहेको क्षेत्रमा नेपाल रहेको छ। यी दुईवटा प्लेट बिचको घर्षणले एक किसिमको शक्ति उत्पन्न हुन्छ। यो शक्ति बाहिर निस्कँदा भूकम्प गएको महशुस हुन्छ।

बैशाख १२ गतेको भूकम्पको बारेमा अध्ययन गरिरहेका भूगर्भविद्हरुले सोहि दिन भित्र सञ्चित सबै उर्जा बाहिर निस्कन नसकेको निश्कर्ष निकालेका छन्। उनीहरुका विचारमा बाहिर नआएको केहि शक्ति पश्चिमतर्फ सरेर त्यता दबाब बढाइरहेको छ। यो शक्ति बाहिर निस्कनका लागि सो भेगमा ठूलो भूकम्प जानसक्ने उनीहरुको अनुमान छ।

तर, भूकम्प कत्रो जान्छ र कहाँ जान्छ भनेर ठ्याक्कै अनुमान कसैले पनि गर्न सक्दैन।

हामी भूकम्पको जोखिमयुक्त क्षेत्रमा रहेका छौँ। त्यसैले सावधान रहनु आवश्यक छ। भूकम्प आफैँले ज्यान लिदैँन; भूकम्पमा कमजोर संरचना भत्किएर ज्यान जानसक्छ।

जुनसुकै ठूलो भूकम्प पछि पराकम्प गइराख्ने हुनाले घर फर्कनु अघि विचार पुऱ्याउनु आवश्यक छ।

घर निर्माण गर्दा भवन संहिता पालना गर्नुपर्छ।

ठूला भूकम्प थेग्नसक्ने साना घर निर्माण गर्न सकिन्छ। नेपाल सरकारले त्यस्ता घरको नमुना छिट्टै सार्वजनिक गर्दैछ।

उमेश प्रसाद गौतम
प्राविधक अधिकृत
राष्ट्रिय भूकम्प मापन केन्द्र
०१-४४१०१४१

# हल्ला



## चिलिमे, रसुवा

"प्राकृतिक रुपको तातोपानीमा भूकम्पका कारण पानी चिसो आउन थालेपछि स्थानीयवासी चिन्तित भएका छन् । पर्यटकीय क्षेत्र चिलिमेको तातोपानी चिसो भएपछि अनिष्ट आउने डरत्रास छ भने पर्यटकीय महत्वको तातोपानी सुकेपछि व्यवसाय धरासायी बन्ने डर छ ।"

# यथार्थ

चिलिमेका सहायक गाबिस सचिवका अनुसार तातोपानीका ६ वटा मध्ये ५ धारा केहि समय देखि सुकेका छन् । बाँकी एउटा धारोको पानी पहिलेको भन्दा चिसो भएको छ ।

सबै तातोपानीका धारा सुकेमा तातोपानी नुहाउन आन्तरिक पर्यटक नजाने हुनाले आन्तरिक पर्यटन व्यवसायमा असर पर्न सक्छ ।

सम्बन्धित मुहानका बारेमा विस्तृत बैज्ञानिक अध्ययन नगरी पानी सुक्नु वा चिसो हुनुको कारण यकिन गर्न कठिन छ ।

सामान्यतया भूकम्पका कारण जमिन हल्लिँदा जमिनमुनीको पानीको स्रोतमा असर पर्ने हुनाले केहि समय पानीको मुहान बढ्ने वा सुक्ने सम्भावना रहन्छ ।

तातोपानीको मुहानका सन्दर्भमा पनि यस्तो हुनु स्वभाविक नै हो ।

भूकम्पले जमिन हल्लिँदा पानी भित्रभित्रै फिँजारिएर बग्नसक्छ । यसरी बग्दा बाहिर नआइपुग्दै पानी सेलाउन सक्ने संभावना रहन्छ ।

अधिकांश अवस्थामा सुकेको मुहान केहि समयपछि पहिलेकै स्थानबाट निस्कने गर्छ ।


पहिलेकै मुहानबाट तातो वा चिसोपानी नआए मुहान रहेको क्षेत्रको तल, माथि वा वरपर मुल फुटेको हुनसक्छ ।

सुमन पन्थी
भूगर्भ केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
९८५१०२१०८४

# सवाल

## धैबुङ, रसुवा

"सरकारले १५ लाखसम्म ऋण दिने र घर बनाउने भन्ने कुरा छ, त्यसको प्रक्रिया बारे अन्यौलता छ। हामीलाई कसरी सरकारले समेट्छ त ? हामीसँग त धितो राख्ने पुर्जा पनि छैन।"



## निम्जुङ, गोरखा

"सडकले नछोएको गाउँको सरकारले दिने भनेको सहुलियतको १५ लाख ऋण नपाउने रे।"

# जवाफ

नेपाल राष्ट्र बैंकले भूकम्प पिडितका लागि २ प्रतिशत व्याजदरमा घर कर्जा उपलव्ध गराउने सम्बन्धमा निर्देशिका जारी गरिसकेको छ।

यस आधारमा बैंक तथा वित्तीय संस्थाले भूकम्प पिडितलाई घर कर्जा उपलव्ध गराउन नियम बनाउन सक्छन्।

यस्तो कर्जा लिँदा सामान्य अवस्थामा घर कर्जा लिनका लागि पूरा गर्नुपर्ने सबै प्रक्रिया पूरा गर्नुपर्छ।

कर्जा दिनुअघि प्रायः बैंक तथा वित्तीय संस्थाहरूले धितोका रुपमा जग्गा वा अन्य सम्पति लिने गर्छन्।

राष्ट्रिय बाणिज्य बैंकले भूकम्प पिडितलाई घर कर्जा उपलव्ध गराउन निम्न व्यवस्था सहितको कार्यविधि तयार गरेको छ।

- ऋण तिर्ने अन्तिम मितिमा ऋण लिने व्यक्ति ६५ बर्ष नाघ्न नहुने। विशेष अवस्थामा शाखाहरूले यो सर्त फुकुवा गर्न सकिने।
- ऋण लिने व्यक्ति स्वयं निर्माण हुने घरको घरधनी हुनुपर्ने
- काठमाडौं उपत्यका बाहिर रु. ५ लाख भन्दा बढि ऋण लिन मोटर बाटोले निर्माण हुने घरलाई छोएको हुनुपर्ने।
- परिवारको आम्दानी तिर्नुपर्ने हरेक किस्ताको दोव्बर हुनुपर्ने।
- रु. २ लाख भन्दा बढि ऋण लिनका लागि भवन संहिता पालना भएको हुनुपर्ने।
- नेपाली नागरिकताको प्रमाण पत्र, घरको चारकिल्ला खुल्ने विवरण तथा सम्बन्धित स्थानीय निकायबाट पिडितको अर्को बस्न योग्य घर नभएको प्रमाण कर्जाको निवेद नसँगै पेश गर्नुपर्ने।


थप जानकारीका लागि तपाईँलाई पायक पर्ने बैंक वा वित्तीय संस्थाको शाखामा सम्पर्क राख्नुहोस्।

**रमेश कुमार पोख्रेल**
कर्जा शाखा
राष्ट्रिय बाणिज्य बैंक
केन्द्रीय कार्यालय
०१-४२५२५९५
एक्सटेन्सन: ३७६६

# सवाल

## भोर्ले, रसुवा

"गैरसरकारी संस्थाहरुको राहत वितरणमा भेदभाव भएको छ। वृद्धवृद्धा, एकल महिला, अपाङ्गता भएकालाई मात्र राहतमा समेटेको पाइयो। मानवीय सहयोगी संस्थाहरुले राहत वितरणमा भेदभाव गर्नु हुँदैन।"



## पाटन, ललितपुर

"यहाँ धेरै नै राहत आएको छ। तर, साह्रै नै समस्यामा रहेका केहिले भने राहत पाएकै छैनन्।"

## गोरखा बजार, गोरखा

"मानिसहरुले गाउँहरुलाई सहयोग गर्ने निकायका आधारमा विभाजन गर्न थालेका छन्। अहिले कुनै गाउँ एनजीओ गाउँ, कुनै आइएनजिओ गाउँ त कुनै सरकारी गाउँ भएको छ। सरकारी गाउँका मानिस आफूलाई अभागी ठान्छन्।"

# जवाफ

जिल्ला दैविप्रकोप उद्दार समितिले आफैँले आवश्यकता पहिचान गरेको आधारमा विभिन्न उपसमितिहरु (क्लस्टर) मार्फत राहत र पुनःस्थापना कार्यको समन्वय गर्छ।

जिल्ला दैविप्रकोप उद्दार समितिहरूले राहतको कार्यमा दोहोरोपना आउन नदिन संघसंस्थाहरूलाई फरक फरक गाबिसहरुको जिम्मा दिएका छन्।

सहयोगी संस्थाहरु आफैँले आवश्यकता पहिचान गरेको अवस्थामा जिल्ला दैविप्रकोप उद्दार समितिलाई त्यसबारे जानकारी दिएर प्राथमिकतामा परेको निश्चित स्थानमा काम गर्ने स्वीकृति लिन सक्छन्।

जिल्ला दैविप्रकोप उद्दार समितिले राहत वितरणका सन्दर्भमा केहि भौगोलिक क्षेत्र र समूहलाई उच्च प्राथमिकताको सूचीमा राखेको छ। उदाहरणका लागि गोरखाको उत्तरी भेगका ९ वटा गाबिस उच्च प्राथमिकता क्षेत्रमा परेका छन् भने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा एकल महिला लगायतका लक्षित समूहलाई पनि उच्च प्राथमिकतामा राखेको छ।

प्रत्येक उपसमितिले सहयोगी संस्थाहरुका लागि  राहत सामग्री तथा सेवाको न्यूनतम मापदण्ड निर्धारण गरेका छन्। तर हरेक राहत सामग्रीको अनुगमन गर्न उपसमिति समर्थ नहुनसक्छ।

कहिलेकाहिँ कुनै संस्थालआफूले काम गरिरहेको गाउँमा सेवा बढाउन वा राहत सामग्री थप्न सक्छन्। यदि कुनै संस्थाले सरसफाई र स्वास्थ्य सम्बन्धि सामग्री वितरण गर्दा ठूलो बाल्टी उपलब्ध गराउँछ भने अर्को गाबिसमा अर्को संस्थाले त्यस्तै सामग्री वितरण गर्दा सानो बाल्टी उपलब्ध गराउन सक्छ।


यदि राहतमा भेदभाव भएको महशुस गर्नुभएको छ भने जिल्ला दैविप्रकोप उद्दार समितिमा सम्पर्क गर्नुहोस्।

**रिचर्ड ट्रेसी**
पश्चिम क्षेत्र संयोजक
आवास उपसमति
९८०१३१४९६६६

**उज्वल अमात्य**
रणनीति विश्लेषक, वर्ल्ड भिजन
९८४६०५१२०४

# सवाल

## गोरखा बजार, गोरखा



"धेरै महिलाहरूले भूकम्प पछि आफ्नो श्रीमान् कान्छी श्रीमतीसँग बसिरहेको थाहा पाएका छन् । जेठी श्रीमती को नामको राहत कान्छी श्रीमतीलाई दिएको पाइएको छ ।"

# जवाफ

बहुविवाह गरेका श्रीमान् र जेठी श्रीमतिका बिचमा राहत रकम तथा अन्य विषयमा विवाद भूकम्प प्रभावित जिल्लाका धेरै स्थानमा देखिएका छन् ।

धेरै महिलाले आफ्ना श्रीमान्को अर्की श्रीमती रहेको भूकम्पका कारण थाहा पाएको भन्ने कुरा महिला बिकास कार्यालय गोरखाले पुष्टि गरेन ।

केहि गाउँहरूमा श्रीमान् र श्रीमती छुट्टिएर बसेको अवस्थामा दुई फरक परिवारका रुपमा दर्ता भएका छन् । यसरी दर्ता निर्णय गाउँ तथा नगर स्तरीय उद्दार तथा राहत वितरण समितिमा निर्भर रहेको देखिन्छ ।

पहिलो श्रीमती कानुनी रुपमा आफ्नो श्रीमान्बाट छुट्टिएको अवस्थामा पनि बेग्लै राहत नपाएमा जिल्ला दैविप्रकोप उद्दार समितिमा उजुरी दिन सकिन्छ । कानुनी रुपमा छुट्टिएको भन्नाले श्रीमान्बाट आफ्नो अंश लिएको कुरा समेत जनाउँछ । कानुनी रुपमा अलग नभई जिल्ला दैविप्रकोप उद्दार समितिले दुईजना श्रीमती भएका आधारमा मात्र दुईवटा परिवारका रुपमा गणना गर्दैन ।

महिला बिकास कार्यालय र महिला अधिकारमा काम गर्ने संस्थाहरूले विवाद समाधानका लागि मध्यस्थता गरिरहेका छन् ।

**सुमिरा श्रेष्ठ**
वरिष्ठ कार्यक्रम व्यवस्थापक
मानव अधिकारका लागि महिला
९८१८२७२०५५

**स्थानेश्वर दुवाडी**
महिला कानुन बिकास मञ्च
गोरखा प्रतिनिधी
९८५६०४२६२२

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन् । श्रावण १५ देखि २१ गतेसम्म स्वयं सेवकहरूले ९ जिल्लाका करिब ४२५ जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन् । विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन् ।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data·driven development | Internews